दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिमको कार्यपालिका बैठकको कार्यसूची बुझेको भरपाई

बैठक संख्याः १५/२०८०/०८१ मितिः २०८१/०३/०७

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः बिहान ८.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम १७औं गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | लेखा समितिको वार्षिक प्रतिवेदन २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | न्यायिक समितिको वार्षिक प्रतिवेदन २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | विविध । | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव बुझेको भरपाई

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| २. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ३. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ४. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ५. | श्री कमल थारू | वडाध्यक्ष | |
| ६. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ७. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |

| | | | |
|---|---|---|---|
| ८. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ९. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १०. | श्री दुर्पति थरूनी | कार्यपालिकासदस्य | |
| ११. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १२. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १३. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १४. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिम कार्यपालिका बैठकको कार्यसूची

बैठक संख्याः १५/२०८०/०८१ मितिः २०८१/०३/१०

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ समयः बिहान ८.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम १७औं गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८१ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | दंगीशरण गाउँपालिकाको आ.व. २०७९/०८० को महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएका बेरूजु फछ्र्यौट सम्बन्धी लेखा समितिको प्रतिवेदन छलफलका लागि १७औं गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | दंगीशरण गाउँपालिकाको आ.व. २०८०/०८१ को न्यायिक समितिको प्रतिवेदन उपर छलफलका लागि १७औं गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ६ | विविध ।<br>(क) मौसमजन्य विपदबाट भएको क्षतिको मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।<br>(ख) सुनिल परियारको घर मर्मतको लागि कर्कट पाता उपलब्ध गराउने सम्बन्धमा ।<br>(ग) साझा सुविधा केन्द्रको भवन मर्मत सम्भार र बचत रकम सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव प्रमाणित गर्नेको नामः शम्भु गिरी

पदः अध्यक्ष

दस्तखतः

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

**बैठक नं. १५/२०८०/०८१**

**बैठक बसेको मितिः** २०८१/०३/१०

**बैठक बसेको स्थानः** दंगीशरण गाउँपालिकाको सभा हल

आज मिति २०८१/०३/१० गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री डिलाराम पाण्डे | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिका सदस्य | |
| १२. | श्री दुर्पति थरूनी | कार्यपालिका सदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिका सदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिका सदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिका सदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिका सदस्य | |

## मिति २०८१ साल असाढ १० गते बसेको कार्यपालिका बैठकका निर्णयहरू

**प्रस्ताव नं. १**
दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम १७औं गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम गाउँसभाको १७औं अधिवेशनमा पेश गर्न स्वीकृति प्रदान गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम मिति २०८१ साल असाढ १० गते बस्ने गाउँसभाको १७औं अधिवेशनको दोश्रो बैठकमा गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली (खड्का) ज्यूलाई वाचन गरी सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. २**
दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक २०८१ सम्बन्धी प्रस्ताव १७औं गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८१ गाउँसभाको १७औं अधिवेशनमा छलफलका लागि पेश गर्न स्वीकृति प्रदान गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव मिति २०८१ साल असाढ १० गते बस्ने गाउँसभाको १७औं अधिवेशनको दोश्रो बैठकमा गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली (खड्का) ज्यूलाई सभामा छलफलका लागि पेश गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ३**
दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक २०८१ सम्बन्धी प्रस्ताव १७औं गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८१ गाउँसभाको १७औं अधिवेशनमा छलफलका लागि पेश गर्न स्वीकृति प्रदान गर्नुपर्ने भएकोले ।

डिलाराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
बैठक संख्या: १५।२०८०।०८१
मिति २०८१।०३।१० को
निर्णय प्रमाणित।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव मिति २०८१ साल असाढ १० गते बस्ने गाउँसभाको १७औं अधिवेशनको दोश्रो बैठकमा गाउँपालिकाका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली (खड्का) ज्यूलाई सभामा छलफलका लागि पेश गर्न स्वीकृति प्रदान गर्ने ।

गाउँ कार्यपालिकाको कार्यालय
दंगीशरण
दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ४**

दंगीशरण गाउँपालिकाको आ.व. २०७९/०८० को महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएका बेरूजु फछर्यौट सम्बन्धी लेखा समितिको प्रतिवेदन छलफलका लागि १७औं गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको आ.व. २०७९/०८० को महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएका बेरूजु फछर्यौट सम्बन्धी लेखा समितिको प्रतिवेदन गाउँसभाको १७औं अधिवेशनमा पेश गर्न स्वीकृति प्रदान गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको आ.व. २०७९/०८० को महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएका बेरूजु फछर्यौट सम्बन्धी लेखा समितिको प्रतिवेदन मिति २०८१ साल असाढ १० गते बस्ने गाउँसभाको १७औं अधिवेशनको दोश्रो बैठकमा छलफलका लागि पेश गर्न लेखा समितिका संयोजक श्री निरज बस्नेतज्यूलाई स्वीकृति प्रदान गर्ने ।

**निर्णयः** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ५**

दंगीशरण गाउँपालिकाको आ.व. २०८०/०८१ को न्यायिक समितिको प्रतिवेदन उपर छलफलका लागि १७औं गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको आ.व. २०८०/०८१ को न्यायिक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरियोस् भन्ने प्रस्ताव गाउँसभाको १७औं अधिवेशनमा पेश गर्न स्वीकृति प्रदान गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिकाको आ.व. २०८०/०८१ को न्यायिक समितिको वार्षिक प्रतिवेदन माथि मिति २०८१ साल असाढ १० गते बस्ने गाउँसभाको १७औं अधिवेशनको दोश्रो बैठकमा छलफल गरियोस् भन्ने प्रस्ताव सभामा पेश गर्न न्यायिक समितिका संयोजक श्री पिमाकुमारी वली (खड्का) ज्यूलाई स्वीकृति प्रदान गर्ने ।

निर्णयः माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

**प्रस्ताव नं. ६**

विविध ।

डिलाराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
बैठक संख्या: १५/२०८०/०८१
मिति २०८१/०३/१० को
निर्णय प्रमाणित।

(क) मौसमजन्य विपदबाट भएको क्षतिको मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा:** दंगीशरण गाउँपालिकाभित्र मौसमजन्य विपदबाट घर टहराहरूमा भएको क्षतिको मूल्याङ्कन गरी राहत सहहयोग उपलब्ध गराउन क्षतिको मूल्याङ्कन सहितको प्रतिवेदन आवश्यक भएकोले ।

**हुनुपर्ने निर्णय:** दंगीशरण गाउँपालिकाभित्र मौसमजन्य विपदबाट घर टहराहरूमा क्षति पुगेको भनि राहत सहयोग माग भई आएकोले क्षतिको मूल्याङ्कन गरी राहत सहयोग उपलब्ध गराउनु पर्ने भएको हुँदा मौसमजन्य विपदबाट भएको क्षतिको मूल्याङ्कन गर्न गठित कार्यदललाई छानविन तथा मूल्याङ्कन गरी सिफारिस सहितको प्रतिवेदन यथासिघ्र पेश गर्न निर्देशन दिने ।

**निर्णय:** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७४

(ख) सुनिल परियारको घर मर्मतको लागि कर्कट पाता उपलब्ध गराउने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा:** दंगीशरण गाउँपालिका वडा नं. ७ बस्ने सुनिल परियारको घरमा हावाहुरीले क्षति गरी बस्न नहुने भएको हुँदा घर मर्मतको लागि कर्कट पाता उपलब्ध गराउनु पर्ने भएकोले ।

**हुनुपर्ने निर्णय:** दंगीशरण गाउँपालिका वडा नं. ७ बाँका बस्ने सुनिल परियारको घरमा हावाहुरीका कारण क्षति पुग्न गई बस्न नहुने भएकोले राहत स्वरूप लागत अनुमान तयार गरी इष्टिमेट अनुसार कर्कट पाता उपलब्ध गराउने ।

**निर्णय:** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

(ग) साझा सुविधा केन्द्रको भवन मर्मत सम्भार र बचत रकम सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोरा:** लघु उद्यम विकास कार्यक्रम तर्फको साझा सुविधा केन्द्र निर्माणका लागि विनियोजित रकमबाट वडा नं. ६ मा अवस्थित सभा भवन मर्मत गरी साझा सुविधा केन्द्रको रूपमा प्रयोग गर्ने र बचत हुने रकमबाट उक्त केन्द्रको लागि आवश्यक सामाग्री खरिद गर्नु पर्ने एवं नयाँ उद्यमी सिर्जना कार्यक्रम अन्तर्गतको तालिम र प्रविधि सहयोग कार्यक्रमबाट बचेको रमकबाट दंगीशरण साबुन, सरफ एण्ड केमिकल उद्योगको लागि सामाग्री खरिद गर्नु पर्ने भएकोले ।

**हुनु पर्ने निर्णय:** लघु उद्यम विकास कार्यक्रम तर्फको साझा सुविधा केन्द्र निर्माणका लागि विनियोजित रकमबाट दंगीशरण गाउँपालिका वडा नं. ६ को वडा कार्यालयमा अवस्थित सभा हललाई मर्मत सम्भार गरी बचत हुने रकमबाट केन्द्रको लागि आवश्यक फर्निचर लगायतका सामाग्री खरिद गर्ने । नयाँ उद्यमी सिर्जना कार्यक्रम अन्तर्गत दंगीशरण-५ मा सञ्चालित तालिम र प्रविधी सहयोग कार्यक्रमबाट बचत भएको रकमबाट हालै दर्ता भएको दंगीशरण साबुन, सरफ एण्ड केमिकल उद्योगलाई आवश्यक पर्ने सिलिङ्ग मेसिन, डाइ मेशिन, सोकेस डिजिटल काडा भर्ने मेशिन खरिद गरी उपलब्ध गराउने ।

**निर्णय:** माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

गाउँ कार्यपालिकाको
बैठक संख्या: १५/२०८०/०८१
मिति २०८१/०३/१० को
निर्णय प्रमाणित।

डिल्लाराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत